मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २८५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक २२ गते शनिबार ❑ 8 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## अनलाइन ठगीबाट जोगिन प्रहरीको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कार्तिक

अनलाइन ठगीका घटना बढेको भन्दै कास्की जिल्ला प्रहरी कार्यालयले सावधानी अपनाउन सर्वसाधारणलाई सार्वजनिक सूचनामार्फत आग्रह गरेको छ।

कार्यालयले अनलाइनबाट सामान खरिद गर्दा सामान प्राप्त गरिसकेपछि मात्र भुक्तानी गर्न, भरपर्दो विक्रेतासँग मात्र कारोबार गर्न, महँगो सामान अपत्यारिलो सस्तो मूल्यमा पाइएमा उक्त सामान चोरीको हुनसक्ने हुँदा सचेत रहन भनेको हो।

अनलाइनमा सस्तो दरमा सामान देखाइ अग्रिम रकम भुक्तानी गर्न लगाउने र पैसा आएको छैन भनी स्क्रिन शेयर गर्न लगाई 'ओटिपी' लिई खाता ह्याक गरी ठगी हुनसक्ने हुँदा कसैलाई पनि आफ्नो मोबाइलको स्क्रिन सेयर नगर्न प्रहरीले अनुरोध गरेको छ। प्रहरीले साथीभाइ र आफन्तका नामबाट विभिन्न समस्या देखाइ सामाजिक सञ्जालमा आर्थिक सहयोग माग गरेमा प्रत्यक्ष सम्पर्क गरेर एकिन गरेर मात्र सहयोग गर्न भनेको हो।

अपरिचित व्यक्तिले विदेशबाट उपहार वा बहुमूल्य सामान पठाएको कुरालाई विश्वास नगर्न र सामाजिक सञ्जालमा अनलाइन रोजगारीको अवसर देखाएर लगानी गर्न लगाइ ठगी हुने हुँदा सावधानी अपनाउन आग्रह गरिएको हो। वैदेशिक रोजगारीमा जाँदा भरपर्दो माध्यम रोज्न र पैसा दिँदा स्पष्ट रूपमा वैदेशिक रोजगारीको कारण खुलाई बैंकमार्फत कारोबार गर्न भनिएको छ। सामाजिक सञ्जाल तथा बैंकिङ एपहरूमा कठिन पासवर्ड राख्न, अपरिचित व्यक्तिहरूसँग साथी नबन्न, आफ्नो व्यक्तिगत विवरण सार्वजनिक नगर्न, आर्थिक सहयोगलगायत कुनै पनि बहानामा नफस्न र सामाजिक सञ्जालमा आएका अपरिचित लिङ्कहरू नखोल्न प्रहरीले सर्वसाधारणलाई आग्रह गरेको हो।

## लोकतन्त्र द्वन्द्वमा होइन संवादमा बलियो हुन्छ: राष्ट्रपति पौडेल

**रासस**
काठमाडौं, २१ कार्तिक

राष्ट्रपति रामचन्द्र पौडेलले लोकतन्त्र द्वन्द्वमा नभई संवादमार्फत बलियो हुने बताउनुभएको छ।

प्रतिनिधिसभाका सभामुख, उसभामुख, राष्ट्रियसभाका अध्यक्ष, उपाध्यक्ष एवं प्रदेशसभाका सभामुख, उपसभामुखसँग शुक्रबार राष्ट्रपति भवन शीतल निवासमा भएको भेटमा उहाँले जनताको आवाज सुनेर लोकतान्त्रिक आचारणलाई जीवनमा अङ्गाल्न जरुरी भएको बताउनुभयो। यसले लोकतन्त्र र संसदीय प्रणाली अझ सुदृढ हुन्छ भन्ने बिर्सन नहुने उहाँको धारणा थियो। राष्ट्रपति पौडेलले युवा पुस्ताको सुशासन र विकासप्रति प्रकट भएको चाहनालाई ध्यान दिँदै संविधानको रक्षा र लोकतन्त्रलाई अझ उन्नत तथा सुदृढ बनाउन प्रतिनिधिसभा सदस्यको आगामी फागुन २१ गतेका निर्वाचन सफलतापूर्वक सम्पन्न गर्नु सबैको साझा दायित्व हो भन्ने मर्म बुझेर अघि बढ्नुपर्ने आजको आवश्यकता भएको बताउनुभयो। राष्ट्रपति पौडेलले संसदीय प्रणालीको मजबुती कुनै एक दल, एक सरकार वा एक नेतृत्वको मात्र उत्तरदायित्व नभई सामूहिक राष्ट्रिय दायित्व भएको बताउनुभयो। उहाँले भन्नुभयो, "संसद् र सरकारको विशिष्ट भूमिका भनेकै जनताको आवाजलाई सुनिनसक्ने, बुझि नसक्ने र कार्यान्वयन गर्नसक्ने संरचना निर्माण गर्नु हो।" उहाँले नेपालको संविधान केवल एउटा कानुनी दस्तावेज मात्र नभई यो हाम्रो सहयात्रा, सहमति र सामूहिक सङ्कल्पको मार्गचित्र भएको बताउँदै यसको संरक्षणमा हामी सबैको प्रतिबद्धता भएको बताउनुभयो। राष्ट्रपति पौडेलले असन्तुष्ट स्वरहरूलाई बेवास्ता गरेर होइन, सुनेर समाधान खोज्ने नीति सबैमा हुनुपर्ने स्पष्ट पार्नुभयो। राष्ट्रपति पौडेलले नेपालको संविधानले राष्ट्रपतिलाई कुन अवस्थासम्म हस्तक्षेप गर्ने अधिकार दिएको छ भन्ने सबैलाई जानकारी भएको बताउँदै मुलुक जटिल र गम्भीर अवस्थामा पुगेको अवस्थामा त्यो आपत्तिबाट मुलुक र जनता जोगाउन मात्र कार्यकारी भूमिकामा देखिने जस्तो गरि निर्णय लिएको बताउनुभयो।

## पार्टीको १५औँ महाधिवेशन पुस मसान्तसम्म गरिसक्नुपर्छ: नेता कोइराला

**रासस**
काठमाडौं, २१ कार्तिक

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीको १५औं महाधिवेशन पुस मसान्तसम्ममा गरिसक्नुपर्ने बताउनुभएको छ।

काठमाडौँमा उपलब्ध जिल्ला सभापति तथा पूर्वजिल्ला सभापतिहरूसँगको छलफलमा उहाँले समयको माग, वर्तमान अवस्थालगायत कारणले आगामी मङ्सिरमा महाधिवेशन गर्न सकिएन भने कुनै पनि हालतमा पुस मसान्तसम्म गरिसक्नपर्ने धारणा राख्नुभयो।

नेता कोइरालाले भन्नुभयो, "आउँदो आमनिर्वाचनभन्दा पहिले महाधिवेशन सम्पन्न गरी नयाँ र ताजा नेतृत्वसहित चुनावमा जानुपर्छ। महाधिवेशन मङ्सिर मसान्तभित्रै सम्पन्न गर्नुपर्ने विषय धेरै पहिलेदेखि भन्दै आएको छु।" महाधिवेशनको तालिका बनाउँदा निर्वाचन आयोगले प्रकाशित गरेको तालिकासँग नबाझिने गरी बनाउनुपर्ने आवश्यतामा जोड दिँदै उहाँले कांग्रेस अहिले एकताबद्ध, गम्भीर, जिम्मेवार र संयम भएर अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले भन्नुभयो, "पार्टीसँग सम्बद्ध सबैले राष्ट्र, जनता र लोकतन्त्रलाई प्राथमिकतामा राख्नुपर्छ। विगतमा पार्टीले थुप्रै आरोहअवरोह व्यहोरेकाले आगामी दिनमा एकता नै बल हो भन्ने भावनानुसार एक हुनैपर्छ।" आफूले पार्टीमा एकता, मेलमिलाप चाहेको बताउँदै उहाँले गुट, उपगुट र फुटको अन्त्य गर्न कोही कसैप्रति आग्रह-पूर्वाग्रह नराखी अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभएको नेता कोइरालाको सचिवालयले जनाएको छ।

नेता कोइरालाले भन्नुभयो, "देशभरका इमानदार, निष्ठावान् र निरन्तर क्रियाशील रहेका साथीहरूले पार्टीलाई बचाइरहनुभएको छ। पार्टीका लाखौँ शुभेच्छुकहरू र बाह्य सबै पक्षले अहिले कांग्रेसको निर्णय हेरिरहेका छन्, पर्खिरहेका छन्।"

## नासामा ३४ वर्षपछि महिला नेतृत्व

**रासस**
काठमाडौं, २१ कार्तिक

नेपलिज एसोसिएसन इन साउथ इस्ट अमेरिका (नासा) को अध्यक्षमा विद्या गुरुङ निर्वाचित हुनुभएको छ। संयुक्त राज्य अमेरिकाको एटलान्टामा सम्पन्न ३४औँ सम्मेलनबाट चार वर्षका लागि अध्यक्ष पक्षमा उहाँ निर्वाचित हुनुभएको हो।




सम्मेलनमा जर्जिया, सियाटल, सिकागो, क्लोराडो, मेरिल्यान्ड, अलबमा, उत्तर तथा दक्षिण क्यारोलिना, फ्लोरिडा र वाशिङ्टन डिसीमा बसोबास गर्ने नेपालीको सहभागिता थियो।

संस्था स्थापना भएको तीन दशकपछि नासाले पहिलोपटक महिला अध्यक्ष प्राप्त गरेको हो। नवनिर्वाचित अध्यक्ष गुरुङले यसअघि दुई कार्यकाल बोर्ड निर्देशक र महिला समितिको नेतृत्व सम्हाल्नु भइसकेको छ।

अमेरिकामा बसोबास गर्दै आउनुभएकी समाजसेवी गुरुङले २५ वर्षसम्म नेपाली समुदायको हक, हित र नेपाली कला, संस्कृति क्षेत्रका प्रवर्द्धमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आउनुभएको छ। सन् १९९९ बाट नासामा संलग्न गुरुङले नेपाली समुदायसँग निरन्तर भेट्घाट सुखदुःखमा साथ र सहयोग दिँदै आउनुभएको समाजसेवी राजा घलेले राससलाई जानकारी दिनुभएको हो। नेपाली साहित्य, संस्कृति र परम्पराको जगेर्नामा सक्रिय भूमिका निर्वाह गरकै कारण अध्यक्षजस्तो गरिमामय पदमा उहाँ निर्वाचित हुन सफल हुनुभएको बताइएको छ।

त्यसैगरी नासाको कार्यकारी उपाध्यक्षमा डा दिलीप पन्थी (नर्थ क्यारोलिना) उपाध्यक्षमा प्रणय लामा र महासचिवमा शिक्षा गौतम (जर्जिया), सहसचिवमा बिमला अधिकारी र कोषाध्यक्षमा पुरनराज खतिवडा (नर्थ क्यारोलाइना) निर्वाचित हुनुभएको समाजसेवी घलेले जानकारी दिनुभयो।

अन्य १५ सदस्यीय कार्यकारी बोर्ड सदस्यमा राजेन्द्र न्यौपाने (साउथ क्यारोलिना), सुवास पोखरेल (मेरिल्याण्ड), डा शङ्कर पराजुली (म्यासाचुसेटस्), होम लम्साल (नर्थ क्यारोलिना), कल्पना भट्टराई (जर्जिया), कुसुम बराल (साउथ क्यारोलिना), गुरुप्रसाद ढुङ्गेल (साउथ क्यारोलिना), रमा पाहारी (फ्लोरिडा), रुबी बराल (जर्जिया), प्रतिभा खडका (भर्जियना), अभिराज राजवंशी (साउथ क्यारोलिना), निशान्त अर्याल, (जर्जिया), जयनारायण साह (लुजिएना), सङ्गीता मल्ल र पार्वती तिमल्सिना (नर्थ क्यारोलाइना) निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन आयुक्त एवं नासाका पूर्वअध्यक्ष बिमल नेपालले जानकारी दिनुभयो। नासाको ३४औं सम्मलेनको उद्घाटन नेपालका लागि अमेरिकी राजदूत लोकदर्शन रेग्मीले गर्नुभएको थियो।

## हुलाक सेवालाई समय अनुकूल बनाउन सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कार्तिक



जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले नेपालको हुलाक सेवालाई समय अनुकूल र प्रभावकारी बनाउन सुझाव दिनुभएको छ।

हुलाक सेवा विभागले शुक्रबार पोखरामा आयोजना गरेको द्रुत डाँक सेवा (ईएमएस) सम्बन्धी अन्तरक्रिया कार्यक्रममा वोल्दै उहाँले नीजि क्षेत्रसंग प्रतिष्प्रर्धा हुने गरी सरकारी हुलाक सेवालाई परिकृत र परिमार्जन गरी चुस्त दुरुस्त सेवा दिन सुझाव दिनुभएको हो।

उहाँले भन्नुभयो–"निजी क्षेत्रले सरकारी हुलाकको सहायतामा विश्व बजारमा सेवा दिइरहेको छ, त्यसैले सरकारी हुलाक सेवालाई अझ सबल र परिणाममुखी बनाउनु जरुरी छ।" पौडेलले निजी क्षेत्रका सेवाहरू महँगा भएकाले सरकारी हुलाकलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिदै लामो इतिहास बोकेको र विश्वसनीयतायुक्त यस सेवालाई जोगाउनु आवश्यक रहेको उल्लेख गर्नुभयो। "सरकारका अंगहरू जनतामुखी सेवामा केन्द्रित हुनुपर्छ,"प्रमुखपौडेलले थप्नुभयो। त्यस अवसरमा जिल्ला समन्वय अधिकारी नवराज बरालले आवश्यक समन्वयका लागि समिति सधैं तयार रहेको जनाउँदै नागरिक सचेतना सम्बन्धी विषय सामाजिक अध्ययनको पाठ्यक्रममा समावेश गर्न आग्रह गर्नुभयो। हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पंगेनीले स्थानीय सेवालाई विश्वभर विस्तार गर्ने अभियानमा विभाग सक्रिय रहेको बताउनुभयो। उहाँका अनुसार स्वदेशमा उत्पादित वस्तु तथा सेवाहरू हुलाक मार्फत विदेशमा निर्यात गर्न सकिने सम्भावना छ, त्यसका लागि हुलाक सेवालाई परिमार्जन गर्दै लैजाने योजना अघि बढाइएको छ। हालसम्म नेपालमा करिब १ हजार ५ सयवटा हुलाक टिकट विभिन्न प्राकृतिक, सांस्कृतिक धरोहर, मठ-मन्दिर, पर्यटकीय गन्तव्य, राष्ट्रिय व्यक्तित्व र सम्पदालाई समेटेर छापिएका छन्। हुलाक टिकटमार्फत नेपालको पर्यटन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुगेको उहाँको दाबी थियो। कार्यक्रममा हुलाक सेवा विभागका निर्देशक लीलाराज पौडेल र शाखा अधिकृत शालिकराम बस्यालले ईएमएस सेवासम्बन्धी आफ्ना-आफ्ना प्रस्तुति राख्नुभएको थियो। देशका ४५ जिल्लामा ईएमएस सेवा पुगेको छ भने उक्त सेवा लिदा सेवा प्रभावित भएको खण्डमा क्षतिपुर्तिको समेत व्यबस्था रहेको कार्यालयले जनाएको छ।

यसैबीच, हुलाक निर्देशनालय पोखराका निर्देशक नारायण प्रसाद आचार्यले जेनजी आन्दोलनका क्रममा पोखरामा हुलाक सेवामा करिब ६ करोड रुपैयाँ बराबरको क्षति पुगेको जानकारी दिनुभयो। उहाँका अनुसार महेन्द्रपुल कार्यालयको सेवा हाल ठप्प भएको छ भने पार्दी कार्यालयबाट नियमित सेवा सञ्चालन भइरहेको छ। कार्यक्रममा गण्डकी प्रदेशका जिल्ला हुलाक कार्यालयका प्रतिनिधि देखि विभिन्न संघ संस्था संचारकर्मीहरुको सहभागिता रहेको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# धर्मसँग मानवीय भावनालाई जोडौँ: अध्यक्ष ढकाल

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ कार्तिक



नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले वैदिक सनातन धर्मका हिसाबले महत्वपूर्ण रहेको गण्डक क्षेत्रमा धार्मिक गतिविधि बढेको बताउनुभएको छ।

अध्यक्ष ढकालले मानव जातिका लागि मानव सेवा आश्रमले सातै प्रदेशमा चलाएको सडक मानव मुक्त अभियानको मुक्तकण्ठले प्रशंसा गर्दै पवित्र कालीगण्डकी तटमा मानवताको मन्दिर निर्माण थालिएको बताउनुभयो । उहाँले धर्मसँग मानवीय भावनालाई जोडेर बागलुङ भूमिलाई थप चिनाउन आवश्यक रहेको उल्लेख गर्नुभयो। मानव सेवा आश्रम बागलुङको शाखाको भवन निर्माणका लागि आयोजना गरेको श्रीमद्भागवत ज्ञान-विज्ञान महायज्ञको आज उद्घाटनपछि अध्यक्ष ढकालले मानवीय भावनालाई धर्मसँग जोडेर बागलुङलाई चिनाउन आवश्यक रहेको बताउनुभयो । उहाँले महायज्ञमार्फत मानवताको मन्दिर निर्माणका लागि आफूले सक्दो सहयोग गर्ने बताउनुभयो ।

"मानवीय भावनाको पुण्यकार्यमा सबैको सहयोग रहन्छ, पवित्र कालीगण्डकी तट जुन मुक्तिनाथ र दामोदरकुण्डको काखमा छ । आश्रमको भवन निर्माणमा व्यक्तिगत र संस्थागत रूपमा सहभागी हुन्छु", उहाँले भन्नुभयो । विश्वका हिन्दू धर्मावलम्बीहरूका आस्थाका धरोहर मुक्तिनाथ क्षेत्र दामोदरकुण्डदेखि गलेश्वर हुँदै बागलुङ कालिका, मोदीवेणी धाम, जैमिनी ऋषिले तपस्या गरेको जैमिनीघाट पनि हाम्रा सुप्रसिद्ध तीर्थस्थललाई मानव सेवा आश्रमले जोड्नुपर्ने अध्यक्ष ढकालले बताउनुभयो ।कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्गले चिरेको बागलुङ धार्मिक पर्यटनको क्षेत्रमा अघि बढेको बताउँदै मानवीयताको मन्दिर निर्माणमा सबैले सहयोग गर्न आवश्यक रहेको अध्यक्ष ढकालको भनाइ छ। आश्रमका अभियन्ता रामजी अधिकारी, सुमिरा लामासहित सबैलाई थव मानवीय क्षेत्रमा काम गर्न उहाँले आग्रह गर्नुभयो ।

सडकमा अलपत्र परेका, बेसहारा भएका, सहयोगापेक्षी, अभिभावकविहीन र अलपत्र परेका जस्को कोही छैन त्यस्को मानव सेवा आश्रम छ भन्ने सन्देश नेपालभर पुऱ्याउन आवश्यक रहेको उहाँको भनाइ थियो। विसं २०७२ मा बागलुङ शाखाको स्थापना भएको मानवसेवा आश्रम अहिले भाडाको भवनमा ६४ जनालाई आश्रय प्रदान गर्दै आएको छ।

बागलुङ नगरपालिका-४ निरयघाटमा २०७८ देखि निर्माण थालिएको मानव सेवा आश्रमको भवन निर्माणमा रु पाँच करोड खर्च भइसकेको छभने भवन सम्पन्नताका लागि थप रु चार करोड खर्च लाग्नेछ। यही कात्तिक २८ गतेसम्म सञ्चालन हुने महायज्ञको प्रमुख कथा वाचकका रूपमा भागवत् भाष्कर कमलनयन गौतम रहनुभएको छ।




निर्माणाधीन पोखरा-मुग्लिन सडक :
कास्कीको पोखरा महानगपालिका-२७ तालचोकबाट बिहीबार देखिएको निर्माणाधीन पोखरामुग्लिन सडक र पृष्ठभूमिमा माछापुच्छे हिमाल। तस्बिरः राम थापा/रासस

# ईन्द्रराज्यलक्ष्मीका विद्यार्थीलाई साइबर अपराध सचेतना

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कार्तिक



पोखराको लामाचौरमा रहेको ईन्द्रराज्यलक्ष्मी माविका विद्यार्थीहरुलाई साइबर अपराध सम्बन्धी सचेतना प्रशिक्षण दिईएको छ।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१, बगरको आयोजनामा भएको कार्यक्रममा त्यस विद्यालयको कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुलाई सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीका प्रमुख प्रहरी वरिष्ठ नायव निरीक्षक होत बहादुर रोकाहाले विद्यार्थीहरुलाई साइबर अपराध सम्बन्धी सचेतना प्रशिक्षण प्रदान गर्नुभएको थियो। उहाँले डिजिटल माध्यममा हुने ठगी, सामाजिक सञ्जालको दुरुपयोग, अनलाइन सुरक्षा मापदण्ड र कानुनी सजाय र व्यवहारिक विषयमा विस्तृत जानकारी दिनुभयो । केन्द्रका अध्यक्ष राम प्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका निमित्त प्रधानाध्यापक बलबहादुर श्रेष्ठले साईबर सुरक्षाका विषयमा भएको यस्ता कार्यक्रमले विद्यार्थी मात्र नभई समाजलाई नै सुरक्षित बनाउने बताउनुभयो ।

कार्यसमिती सदस्य चित्र बहादुर थापाको संयोजनमा गरिएको सो कार्यक्रममा कार्यसमिती सदस्य तथा संचारकर्मी प्रकाश चन्द्र सपकोटाले स्वागत र सन्चालन सचिव कृष्ण बहादुर तामाङले गर्नु भएको थियो।

# भद्रकालीमा गणित हाजिरी जवाफ

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कार्तिक




श्री भद्रकाली माध्यमिक विद्यालय, पोखरा-१३ को आयोजनामा 'सामुदायिक बिध्यालय क्लश्टर, कास्कीको सदस्य बिध्यालयहरुको बिचमा माध्यमिक तह स्तरीय गणित हाजिरी जवाफ प्रतियोगिता' सम्पन्न भएको छ।

कार्यक्रमको सभापति विद्यालयका प्रधानाध्यापक यदुराज पगेनी रहनुभएको थियो भने प्रमुख अतिथिको रुपमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिपक गुरुङले ब्यानर वाचन गरेर कार्यक्रमको उद्धघाटन गर्नुभएको थियो । बालबालिकाको अन्तर्निहित प्रतिभा पहिचान, गणित सिकाइ प्रती अभिरुचि र सदस्य बिध्यालयरुका बिचमा असल अभ्यास आदान-प्रदान गर्ने अभिप्रायले उक्त कार्यक्रम आयोजना गरिएको थियो।

प्रतियोगितामा क्लष्टर भित्रका १० विद्यालयहरुको सहभागिता रहेको थियो। लिखित र क्विज चरण गरि दुई चरणमा सन्चालन गरिएको उक्त प्रतियोगितामा भद्रकाली मा.वि. बाट सोनु थापा, गौरब बराल तथा हाफ्सा मियाको समूह प्रथम, शितलादेवी सामुदायिक मा. वि. बाट मेयान्सा गुरुङ, एन्जल रेग्मी र आबृत्ती बरालको समूह दृत्तीय र छोरेपाटन मा. वि. बाट समर्पण लामिछाने , सुप्रद ढकाल र सिवानी सुवेदीको समूह तृतिय भए । प्रतियोगितामा पुरस्कृत बिध्यार्थीहरुलाइ

कार्यक्रमका प्रमुख अतिथि तथा विद्यालयका प्रधानाध्यापक यदुराज पगेनीले पुरस्कार बितरण गरेका थिए । प्रतियोगिता को क्विज मास्टरको रुपमा सहायक प्र. अ. प्रदिप भण्डारी र विज्ञान शिक्षक भेष बहादुर के. सी. सहजीकरण गरेका थिए भने कार्यक्रमको सञ्चालन सह-क्रियाकलाप प्रमुख मीन बहादुर सावदले गरेका थिए।

# परिवार नियोजन संघको अभियान विन्ध्यवासिनी माविमा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कार्तिक

नेपाल परिवार नियोजन संघ कास्की शाखाले शुक्रबार पोखरा महानगरपालिका वडा नं २ स्थित विन्ध्यवासिनी माविमा यौन तथा प्रजनन् स्वास्थ्य सचेतना अभियान संचालन गरेको छ।

संघले किशोर किशोरी तथा युवालाई लक्षित गरी विद्यालय र कलेजमा अभियान संचालन गर्ने योजना अनुसार कार्यक्रम जारी राखेको सभापति नवीन सिग्देलले जानकारी दिनुभयो।

कार्यक्रम पोखरा महानगरपालिका वडा नं २ का वडा अध्यक्ष दिवसमान प्रधानाङ्गले उद्घाटन गर्नुभएको थियो। कार्यक्रममा बोल्दै वडा अध्यक्ष प्रधानाङ्गले सम्वदेनशील उमेर समूह छनोट गरी कार्यक्रम संचालन गरिनु प्रशंसनीय भएको बताउनुभयो। वडा सदस्य गोमा सुवेदीले स्थानीय सरकारले यस्ता कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्नुभयो। विन्ध्यवासिनी माविका प्रधानध्यापक बसन्त पाण्डेले यो अभियानमा शिक्षा र स्वास्थ्य दुवै विषय जोडिएका निकै उपयोगी भएको बताउनुभयो। कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्कीका कोषाध्यक्ष विष्णु प्रसाद दाहाल, बरिष्ठ शाखा प्रवन्धक नब राज तिवारी र कर्मचारी सुरज चौधरीले सहजिकरण गर्नुभएको थियो।

नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रम बरिष्ठ शाखा प्रवन्धक नब राज तिवारीले संचालन गर्नुभएको थियो।

# कोरला भन्सारबाट तीन अर्ब बढी राजस्व असुली

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २१ कात्तिक

कोरलास्थित भन्सार कार्यालयले चालु आर्थिक वर्षको प्रथम तीन महिनामा रु तीन अर्व दुई करोड ७३ लाख ३८ हजार राजस्व सङ्कलन गरेको छ। भन्सार प्रमुख रमेश खड्काका अनुसार बितेका तीन महिनामा एक हजार ४९८ वटा विद्युतीय सवारीसाधनका साथै ६७१ वटा मालबाहक कन्टेनरबाट सामान आयात भएको छ। यो नाकाबाट २८ वटा मालबाहक सवारीसाधनले स्वदेशी उत्पादन चीनको स्वशासित क्षेत्र सिजाङ पुऱ्याएका छन्।

बाढीपहिरोले तातोपानी र रसुवागढी नाका अवरुद्ध भएपछि कोरलानाकाबाट चीनसँगको मुलुकको आयातनिर्यात जारी छ।


## सम्पदाको संरक्षण गरौं ।

- देशका ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक सम्पदा, मठमन्दिर, मूर्ति, हस्तकला, वास्तुकला, चित्रकला, दस्तावेज, भवन तथा स्मारक राष्ट्रिय सम्पत्ति हुन्,
- राष्ट्रिय सम्पत्तिहरु मुलुकको पहिचान हुन्, तिनीहरु प्रति गर्व गरौं,
- राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य र जिम्मेवारी हो।

हाम्रो सम्पदा, हाम्रो पहिचान
सबै मिली गरौं संरक्षण !

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदि
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदि
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

## कर्मचारी आवश्यकता

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि. का लागि तपशिलमा उल्लेख भए बमोजिमको कर्मचारी आवश्यक परेको हुँदा निम्न बमोजिमको योग्यता पुगेका ३५ बर्ष ननाघेका इच्छुक नेपाली नागरिकहरुबाट हस्तलिखित निवेदन सहितको आवेदन आव्हान गरिन्छ।

विज्ञापन नं : ००१/०८२।०८३
पद : बजार प्रतिनिधि
आवश्यक संख्या : १
सेवा सुविधा : संस्थाको कर्मचारी प्रशासन सेवा नीति अनुसार
शैक्षिक योग्यता :एस.एल.सी./एस.ई.ई. वा सो सरह।
आवश्यक कागजपत्र : शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रतिलिपि, बायोडाटा र २ प्रति पासपोर्ट साईजको फोटो।
विशेष योग्यता र प्राथमिकता : - आफ्नै सवारी साधन सहित दुई पाङग्रे सवारी चालक अनुमतिपत्र भएको। कम्प्युटर संबन्धी ज्ञान भएको।
आवेदन दिने अन्तिम मिति : २०८२ मंसिर ५ गते शुक्रवार कार्यालय समय सम्म।

*नोटः म्याद भित्र रीतपुर्वक प्राप्त आवेदनहरुलाई मात्र छनौटको प्रक्रियामा सामेल गराईनेछ। (थप जानकारीको लागि संस्थामा सम्पर्क गर्नुहोला।)*

**कर्मशील बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-८, सभागृहचोक, कास्की
फोन नं.: ०६१-५८०७९६,५४१७९५


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# ‘डुलुवा’ टोलीको पर्यटन प्रवर्द्धन पोखराबाट हुम्लासम्म, पोखराबाट विदाइ

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कात्तिक




पर्यटकीय स्थलको लामो भ्रमण गर्दै आएको ‘डुलुवा’ टोली शुक्रबार कास्कीबाट हुम्ला प्रस्थान गरेको छ । टोली पर्वत, बाग्लुङ, रुकुमकोट, लिमी, लाप्चा ला पास पुगेर फर्किने छ ।

२१ सदस्यीय टोली मंसिर १ गते पोखरा आइपुग्ने योजना छ । उनीहरुलाई पोखरा भ्रमण वर्ष २०२५ का संयोजक गोपी बहादुर भट्टराइले टोलीलाई पोखरामा आयोजित समारोहमा सुखद् यात्राको कामनासहित बिदाइ गरे । उनीहरुले डुलुवाका संयोजक योगेश भट्टराईलाई पोखरा भ्रमण वर्षका व्यान हस्तान्तरण गरे । उनीहरुलाई रेवान पोखराका पुर्व अध्यक्ष नरेश भट्टराई, खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमवी आस्था मगर लगाएतले विदाई गरे । पोखरा भ्रमण वर्ष २०२५ को व्यानर हस्तान्तरण गर्दै पोखरा भ्रमण वर्षका संयोजक भट्टराईले नेपालमा प्राकृतिक रुपले नै साहासिक यात्राको थलो भएको बताउदै यो यात्राले पोखरा र गण्डकी प्रदेशको पर्यटन प्रर्वद्धनमा सहयोग पुग्ने बताए । उनले पोखराले भ्रमण वर्ष मनाई रहदाँ विभिन्न कार्यक्रमको आयोजना गरेको बताउदै पोखरामा पर्यटक भित्राउन नेपाल र नेपाल बाहिर समेत प्रर्वद्धनका कार्यक्रमहरु गर्नु पर्ने बताए । अभियानले नेपालको प्राकृतिक र सांस्कृतिक सुन्दरता रहेका रमणीय ठाउँको उजागर गर्ने उद्देश्य रहेको डुलुवाका संयोजक योगेश भट्टराईले बताए । हुम्ला नेपालका अन्तिम उपत्यका रहेको यसको यात्रा निकै रोमान्चकारी हुने उनले बताए । जसमा कैलाश पर्वत र लिमी उपत्यका सम्म पुग्ने प’रातन बाटोलाई पुर्नजीवित गर्ने उनको भनाई छ । ‘डुलुवा’ पोखराका पर्यटनकर्मी युवाहरुको समूह हो । सन् २००८ देखि प्याराग्लाइडिङ तथा पर्यटन व्यवसायमा आबद्ध युवाहरु मिलेर नेपाल घुम्न सुरु गरेका थिए । सोही समूहलाई सन् २०२० मा आएर ‘डुलुवा’का रुपमा नामाकरण गरिएको थियो । स्थापनाको १५ वर्षमा डुलुवाले नेपालका ७० जिल्ला भ्रमण गरेको छ । भने भारतको लद्दाखसम्म र कास्कीदेखी कन्याकुमारी सम्म सफलतापूर्वक यात्रा गरि सहेका छन् । हुम्ला अन्तिम उपत्यका अभियान नामाकरण गरि यात्रामा निस्किेका उनीहरु रुकुमकोट, राकम, सर्खेघाट, सिमकोट, लिमी उपत्यका र ५ हजार मिटर उचाइको लाप्चा ला पास परेर सिमकोट फर्किने छन् । त्यसै गरी सर्खैघाट कोहलपुर बुटवल हुदै ११ दिनमा पोखरा फर्किने छन् ।

यात्राका क्रममा ‘डुलुवा’ समूहले बनाएको ‘वि विल राइज फाउण्डेशन’ र नेपाल टेलिभजनद्वारा आयोजित भिडियो प्रतियोगिताको उपाधि डुलुवा समूहको ‘दि नर्देन वाल’ले जितेको थियो । प्रतियोगिताको ‘मोस्ट एनरजेटिक भिडियो मेकर’ अवार्ड पनि ‘डुलुवा’ कै ‘मेरो गाउँ तक्सेरा’ ले जितेको थियो ।

# माउन्ट अन्नपूर्णमा स्पोर्ट्स मिट

**पोखरापत्र संवाददाता**
पोखरा, २१ कात्तिक

पोखरा ३ नदिपुर भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक बिद्यालयमा स्पोर्ट्स मिटको आयोजना भएको छ ।

बिद्यालयमा रहेको गेम्स एण्ड स्पोर्ट्स क्लबको आयोजनामा बिहिबार र शुक्रबार गरि २ दिन सम्म सञ्चालन भएको मिटमा कक्षा ११ र १२ का बिद्यार्थीहरुको सहभागिता रहेको बिद्यालयका प्रमुख प्रशासक चित्र गुरुङले बताए । स्पोर्ट्स मिटमा २ बिद्या अन्तरगर्त रहेर खेलहरु आयोजना भएका थिए जस अन्तरर्गत बास्केटबल छात्र,छात्रा र भलिबल छात्र,छात्राको समुहमा बिद्यार्थीको सहभागिता रहेको थियो । जस अन्तरर्गत बास्केट बल छात्र तर्फ टिम निलो पहिलो र टिम रातो दोस्रो भए, त्सस्तै गरि छात्रा तर्फ टिम पहेलो पहिलो र टिम रातो दोस्रो भए । त्यस्तै छात्र भलिबल तर्फ ११ बि पहिलो, १२ सि दोस्रो भए भने छात्रा भलिबल तर्फ,टिम




रातो पहिलो र टिम पहेलो दोस्रो भए । बिद्यालयले बाकिँ रहेका केहि खेलहरु ब्याडमिन्टन,टेबल टेनिस र फुटसललाई केहि दिन पछि आयोजना गर्ने जनाएको छ । स्कुलको नियमित कार्यक्रम अन्तरगत रहेर खेलहरुको आयोजना गरिएको र बिद्यार्थीलाई किताविज्ञान सगैं अतिरिक्त क्रियाकलापमा समावेश गर्न खेलहरु सञ्चालन गरिएको बिद्यालयका अतिरिक्त क्रियाकलाप निर्देशक तेज बहादुर गुरुङले बताए । कार्यक्रममा क्लबका अध्यक्ष एड्रिना गुरुङ,सचिव एप्सन पुन, प्रचार्य सइन्द्रराज श्रेष्ठ,डाइरेक्टर झम गुरुङ,लेख प्रमुख लगाएतको सहभागिता रहेको थियो । माउन्ट अन्नपूर्णमा म्यानेजमेन्ट,होटल म्यानेजमेन्ट र माउंटेनियरिङ बिषयमा कक्षा १२ सम्म पढाइ हुन्छ यो गण्डकी प्रदेकै निजि स्तरबाट सञ्चालित पहिलो बिद्यालय हो ।

# मुस्ताङ-डोल्पा सडक १० दिनदेखि अवरुद्ध

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २१ कात्तिक

मुस्ताङ–डोल्पा सडक विगत १० दिनदेखि अवरुद्ध बनेको छ । भारी हिमपातका कारण उक्त सडक अवरुद्ध भएको हो ।

सडक डिभिजन कार्यालय मुस्ताङले मुस्ताङ-डोल्पा सडक अन्तर्गत मुस्ताङको पाक्लिङदेखि साङ्ता गाउँ हुँदै डोल्पा जाने सडक छुकसम्वसम्म विस्तार भइसकेको छ । उपल्लो डोल्पाका नागरिकलाई मुस्ताङको जोमसोम आएर मालसामान ढुवानी गर्न तथा पोखरा–काठमाडौँ आउजाउ गर्न डोल्पा सदरमुकाम दुनैभन्दा छोटो मार्गका रूपमा लैजान सडक डिभिजन कार्यालय बाग्लुङले मुस्ताङ-डोल्पा सडक स्तरोन्नति तथा नयाँ ट्र्याक खोलेको हो । यसैगरी, मुस्ताङबाट मालसामान उपल्लो डोल्पा पुऱ्याउन तथा मुस्ताङीलाई भेडाच्याङ्ग्रा र याकचौंरी ल्याउनसमेत मुस्ताङ-डोल्पा सडक विस्तार गरिएको थियो ।समुन्द्री सतहको चार हजार मिटर उचाइबाट विस्तार गरिएको मुस्ताङ-डोल्पा सडक भारी हिमपातका कारण सडक अवरुद्ध भएको वारागुङ मुक्तिक्षेत्र-५ का वडाध्यक्ष सुरेन्द्र गुरुङले जानकारी दिनुभयो । सडक अवरुद्धका कारण जोमसोमदेखि छुकसम्वसम्म मालवाहक तथा सवारीसाधन लैजान सकिएको छैन । मुस्ताङ-डोल्पा सडकको हिउँ पन्छाएर सडक सञ्चालन गर्न सडक डिभिजन कार्यालय बाग्लुङसँग माग गरिएको वडाध्यक्ष गुरुङले जानकारी दिनुभयो । यसैगरी एक साताअघि परेको भारी हिमपातका कारण मुस्ताङ र डोल्पाको सीमावर्ती गाउँ साङ्तामा एक सातादेखि विद्युत् र इन्टरनेट सेवाका साथै मोबाइल फोन सेवा अवरुद्ध भएको त्यहाँका वडा सदस्य छिरिङपाल्साङ गुरुङले जानकारी दिनुभयो । साङ्ता गाउँमा एक वर्षअघि गाउँपालिकाको समन्वयमा त्यहाँ रहेका १३ घरधुरीलाई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले सोलार जडान गरी विद्युतीकरण गरेको थियो ।कृषि र पशुपालन व्यवसायमा आश्रित त्यहाँका नागरिक बर्खाको आठ महिना गाउँमै बस्छन् भने हिउँदको चार महिना फल्याक, जोमसोमलगायतका स्थानमा जाडो छल्ने गर्छन् ।

# लाम्पाटामा पाखो सम्याएर खेलमैदान निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ कात्तिक

म्याग्दीको मङ्गला गाउँपालिका-२ लाम्पाटामा खेलमैदान निर्माण भएको छ । मङ्गला शिक्षा क्याम्पसको छात्राबास परिसरमा रहेको पाखो सम्माएर खेलमैदान निर्माण गरिएको हो ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष यामबहादुर थापाले ‘सेभेन ए साइड’ फुटबल, भलिबल, बास्केटबल, क्रिकेट र एथलेटिक्स विधाका खेल सञ्चालन गर्न सकिने खेलमैदान निर्माण भएको जानकारी दिनुभयो । “तीव्र रूपमा बजार विस्तार भएको गाउँपालिकाको केन्द्र बाबियाचौरमा खुला ठाउँको अभावका कारण खेलमैदान नहुँदा खेलाडीलाई समस्या भएको थियो ”, उहाँले भन्नुभयो, “नजिकैको लाम्पाटामा खेलमैदान बनेपछि क्याम्पसका विद्यार्थीका साथै खेलाडीलाई पनि सहज भएको छ ।” क्याम्पसको छात्राबास भवन



निर्माणका क्रममा पछाडिको भागमा गत वर्ष पक्की पर्खाल निर्माण गरेर पाखोको जग्गा उकास गरिएको थियो । चालु आर्थिक वर्षमा गाउँपालिकाले विनियोजन गरेको रु पाँच लाख बजेटबाट पाखो सम्याएर खेलमैदान तयार पारिएको हो । गाउँपालिकाका प्राविधिक शाखाका प्रमुख रुचेन्द्र अधिकारीले उक्त खेल मैदानको लम्बाइ ७५ मिटर र चौडाइ ३८ देखि ४० मिटर रहेको जानकारी दिनुभयो । नयाँ खेलमैदानमा बिहीबारदेखि गाउँपालिकास्तरीय छैठौं राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता सञ्चालन भएको छ ।

क या ा म प स क ा े पूर्वाधारको अवस्थाका विषयमा समुदायस्तरमा प्रचारप्रसार गर्न सहयोग पुगोस् भनेर नयाँ खेलमैदानमा प्रतियोगिता सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो । खेलमैदानको कुनातर्फ प्यारापिट, छेउमा मञ्च र डिलतर्फ तारबार लगाएर व्यवस्थित बनाइने उहाँले जानकारी दिनुभयो ।

# लमजुङमा जिपको ठक्करबाट बालिकाको मृत्यु

**पोखरापत्र संवाददाता**
लमजुङ, २१ कात्तिक

लमजुङमा जिपको ठक्करबाट दुई वर्षीया बालिकाको मृत्यु भएको छ ।

शुक्रबार क्व्होलासोथार गाउँपालिका- ३ घले गाउँबाट बैंसीसहर आउँदै गरेको ग१ज ६३०६ नम्बरको बोलेरो जिपले ठक्कर दिँदा सोही पालिका-१ बागलुङपानीमा कृति तामाङको छोरी दुई वर्षीय नेरिमा तामाङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी ज्ञानेन्द्र क्षेत्रीले भन्नुभयो, “सो जिपको ठक्करबाट गम्भीर घाइते भएकी बालिकालाई उपचारका लागि बेंसीसहर नगरपालिका-८ स्थित प्रदेश अस्पताल बैंसीसहरमा ल्याएको र उपचारका क्रममा चिकित्सकले मृत घोषणा गरेको हो ।” प्रहरीले जिप चालक बैंसीसहर-९ का २९ वर्षीय मदन दुलाललाई नियन्त्रणमा लिइ अनुसन्धान थालेको जनाएको छ ।

बालिकाको शव परीक्षण भइरहेको र परीक्षणपश्चात् परिवारलाई बुझाउने प्रहरीले जनाएको छ ।

# नेपाल अफगानिस्तानसँग पराजित

**रासस**
काठमाडौं, २१ कात्तिक

हङकङमा आजदेखि सुरु भएको हङकङ सिक्सेस क्रिकेट प्रतियोगितामा नेपाल अफगानिस्तानसँग पराजित भएको छ ।

हङकङको मोङ कोकस्थित मिसन रोड ग्राउन्डमा आज भएको आफ्नो पहिलो खेलमा नेपाल अफगानिस्तानसँग १७ रनले पराजित भएको हो । जितका लागि ११३ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित ६ ओभरमा २ विकेट गुमाएर ९५ रन मात्र बनाउन सक्यो । नेपालका लागि सन्दीप जोराले अर्धशतक बनाए । उनले १४ बलमा ८ छक्का र १ चौकाको सहयोगमा ५३ रन जोडे । त्यस्तै राशिद खान र मोहम्मद आदिल आलमले समान ११/११ रन जोडे । अर्को ओपनर लोकेश बमले १० रन बनाए। रुपेश श्रेष्ठ १ रनमा अविजित रहे ।

यता अफगानिस्तानका लागि फरमुल्ला र इजाज अहमद अहमदजाइले समान एक एक विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको अफगानिस्तानले ५ विकेट गुमाउँदै ११२ रनको योगफल बनाएको थियो । उसका लागि करिम जनितले सर्वाधिक ३५ रन बनाएका थिए । त्यस्तै फरमनुल्लाह सफी ३० रनमा अविजित रहदा गुल्बादिन नाइबले २२ रन बनाए । नेपालका लागि रसिद खानले ह्याट्रिकसहित ४ विकेट लिए । अर्को विकेट लोकेश बमले लिए । भोलि नेपालले समूह चरणको अन्तिम खेल दक्षिण अफ्रिकासँग खेल्नेछ । । बालिकाको शव परीक्षण भइरहेको र परीक्षणपश्चात् परिवारलाई बुझाउने प्रहरीले जनाएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जङ्गली हात्तीको आक्रमणबाट नौ वर्षमा १७ जनाको मृत्यु

**रासस**
काठमाडौं, २१ कात्तिक

कञ्चनपुरमा मानव-वन्यजन्तु द्वन्द्व पछिल्लो समय बढ्दै गएको छ । बितेको नौ वर्षमा कञ्चनपुरमा जङ्गली हात्तीको आक्रमणबाट तीन महिला र १४ पुरुष गरी १७ जनाको मृत्यु भएको छ ।

यहाँस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र डिभिजन वन कार्यालयको तथ्याङ्कअनुसार २०७३ सालयता निकुञ्ज, राष्ट्रिय तथा सामुदायिक वन वरपर सो सङ्ख्यामा सर्वसाधारणले ज्यान गुमाएका हुन् । डिभिजन वन कार्यालय कञ्चनपुरका अधिकृत सोफिया भट्टराईले राष्ट्रिय वन तथा सामुदायिक वन र आसपासका क्षेत्रमा मात्रै नौ वर्षमा आठ जनाले ज्यान गुमाएको बताउनुभयो ।

हात्तीको आक्रमणबाट दुई जना घाइते भएको तथ्याङ्कमा उल्लेख छ । “मृत्यु भएका प्रतिव्यक्ति रु १० लाखका दरले मृतकका परिवारलाई क्षतिपूर्ति दिइएको छ”, अधिकृत भट्टराईले भन्नुभयो, “घाइतेहरूको प्रकृति हेरेर उपचार खर्च दिने व्यवस्था रहेको छ ।” पछिल्लो समय कञ्चनपुरको भीमदत्त, बेलौरी, बेदकोट, शुक्लाफाँटा नगरपालिका र लालझाडी र बेल्डाँडी गाउँपालिकामा जङ्गली हात्तीले नोक्सान पुऱ्याउँदै आएका छन् । जङ्गली हात्ती बस्ती पस्दा स्थानीय रातभर जाग्राम बस्ने गरेका छन् भने पालिका र सरोकारवाला निकाय हात्ती धवाउन खटिन गरेका छन् ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका सूचना अधिकृत पुरुषोत्तम वाग्लेले हात्तीको आक्रमणबाट यहाँ २०७५ सालयता नौ जनाको मृत्यु भइसकेको जानकारी दिनुभयो । “यो अवधिमा नौ जनाको मृत्यु, सात गम्भीर र चार जना सामान्य घाइते भएका छन्”, उहाँले भन्नुभयो, “तुलनात्मक रूपमा यो वर्ष विगतको भन्दा निकुञ्ज र मध्यवर्ती क्षेत्रमा जङ्गली हात्तीको आवातजावत बढी देखिएको छ ।”

उहाँले हात्ती धपाउन निकुञ्ज र निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाको श्रीरणसिंह दलगण टोली तयारी अवस्थामा रहने गरेको जानकारी दिनुभयो ।

# धान उत्पादनमा वृद्धि

**रासस**
चितवन, २१ कार्तिक

जिल्लामा यस वर्ष धान उत्पादन वृद्धि भएको छ । गत वर्षको तुलनामा यस वर्ष २१ हजार ४८० ‘मेट्रिकटन’ बढी धान उत्पादन भएको हो । कृषि बिकास कार्यालय चितवनका अधिकृत निर्मल पौडेलका अनुसार यस वर्ष २७ हजार ३२४ दशमलव ९ ‘हेक्टर’ क्षेत्रफलमा धान लगाइएको थियो ।

यस वर्ष धान उत्पादकत्व ४ दशमलव ९६७ मेट्रिकटन प्रतिहेक्टर रहेको उहाँले बताउनुभयो । एक लाख ३५ हजार ७२५ दशमलव ०६ मेट्रिकटन धान उत्पादन भएको छ ।


## पीपीओ/पेन्सन पट्टा हराएको सूचना

**म राम बहादुर साहीको CRPF को २०८२/०५/१२ गते Pensioner Portion/Disburstion Portion पृथ्वीचोकदेखि रामबजार पेन्सन क्याम्पसम्म जाने क्रममा हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको ठेगानामा सम्पर्क गरिदिनुहोला ।**

**नाम : राम बहादुर साही** 11/CRPF
**श्रीमती : मुक्ति कुमारी मल्ल**
Name : Ram Bahadur Sahi
Reg. No.: 680334813
PPO No. : D/27920 TS No : C 39622
**ठेगाना : पाल्पा, रामपुर**
**हालः मध्यविन्दु-७, नवलपरासी सुस्ता पूर्व**
**सम्पर्क नं. :** 9812968741

# भाते पाहुना

✍ मोदनाथ मरहट्टा

नेपाली समाजमा एउटा उखान छ- "घरमा पाहुना आए दालभात खान पाइन्छ ।" ग्रामीण समाजमा आर्थिक अवस्था कमजोर भएको परिवारका छोराछोरी वा बुहारीहरूले व्यक्त गरेको भनाइ हो यो । केही दशक अघिसम्म ग्रामीण समाजमा पेटभर दालभातको समस्या थियो तर अहिले यो समस्या केही हल भएको छ । अकोतिर पाहुना लाग्ने प्रचलनमा पनि कमी आएको छ ।

पाहुनाहरू थरिथरिका हुन्छन् । कुनै कुनै ब्यक्तिहरू मिठोचोखो खान पाइने लोभमा वारिपारिका गाउँघरमा पाहुना बनेर पुग्छन् र मेजमानी डकार्छन् । ग्रामीण समाजमा 'अतिथि देवो भवः' भन्ने मान्यता रहेको हुन्छ । सानो आर्थिक हैसियत भएको घरमा पनि पाहुना आएमा खोजतलास गरेर भए पनि राम्रै सत्कार गरिन्छ । सायद् कुनै गरिबको घरमा पाहुना पुगे घरमा चामल नभएकाले बीउ राखेको घैया धान कुटेर पाहुनाको स्वागत भयो । त्यसै दिनदेखि "पाहुना आएको लच्छिन तर घैयाको बीउको कुलच्छिन" भन्ने उखान बन्यो ।

हाम्रो समाजमा मागी विवाहको लामो शृङ्खला थियो । त्यस्तो कार्यमा केही पात्रहरूले लमीको काम गर्दथे । यस्ता पात्रहरू ढाँटछल र धाकधक्कुमा खप्पिस हुन्थे । यिनीहरूले वर वा कन्याका बाआमामाथि जोरजुलुम पनि गर्दथे । यिनीहरूको यस्तो व्यवहारको कारण कयौं अनमेल विवाह हुन्थ्यो र दाम्पत्य सम्बन्ध दुखपूर्ण हुन्थ्यो । लमी बन्नु मीठो मसिनो खानु र आफूलाई महत्व दिने उनीहरूको ध्येय हुन्थ्यो तर अहिले यो चलन भने हराउँदै गएको छ । केही दशक अघिसम्म लमी प्रथा कायम थियो । कसैको छोरा वा छोरीको बिहेको मगनी बनेर केही लोभी वा अर्काको भान्साको दालभातको पारखीहरू हिउँदका केही दिन रात आफन्त वा गैह्र आफन्तकोमा मेजमानी खान पुग्थे । यस्ता पात्रहरू बिहे बटुलोको निहुँ नभए गोरुभैंसीको ग्राहक बनेर पनि पाहुना लाग्न पुग्थे र एकदुई छाक मीठोमसिनो खाएर मुख मिठ्याउँदै फर्कन्थे । त्यस्ता पाहुनालाई भाते पाहुना भनिन्थ्यो । भाते पाहुनाको कुरा आउँदा ढिँडे पाहुना पनि हुन्छन भन्ने बिर्सनु हुँदैन । एकपटक हामी ढिँडे पाहुना बनेर स्वाद मानी मानी मेजमानीमा परेका छौं । २०४८ सालमा संयुक्त जनमोर्चा नेपालको चुनाव प्रचारमा हामी खटिएका थियौं । हाम्रो क्षेत्र गोरखाको उत्तरी क्षेत्र अठारसय खोलाको सिङ्ला इलाका थियो । त्यो गाउँ पुग्नु अघिल्लो साँझ हामी माछा खोलामा बास बसेर बिहानै हिँडेका थियौं । बाटामा भट्टी पसल थिएनन् र गाउँमा पनि पाका मानिसहरू भेटिएनन । भर्खर गर्मी शुरु भएकाले किसानहरू बारीमा ब्यस्त थिए । दिनभर हामी भोकै भौंतारियौं । झण्डै पाँच बजेतिर सम्पर्क घर भेटियो तर सम्पर्क व्यक्ति भने साँझ परेपछि मात्र घर आए । आँगनमा उभिएका हामी दुई पाहुना देखेर उनकी श्रीमतीले आफ्नै भाषामा खल्याङमल्याङ कुरा गरिन् । उनका श्रीमानूले खस कुरामा भने "आ ! कम्निस्ट्या त ढेँडो नि खान्छा" त्यसपछि हामीले बुझ्यौं त्यो घरमा चामल छैन । उनकी श्रीमतीले भदालो सफा गरिन् र करुको ढिँडो ओढालिन् । मस्याङको दाल काफलको थेवेको अचार र करुको ढिँडो हामीले भोक मीठो कि भोजन भन्दै स्वाद मानिमानी खायौं । पाँचतारे होटलको खानाभन्दा त्यो छाकको ढिँडो कैयन गुना उच्च थियो । यदि त्यहाँ भाते पाहुना हुँदो हो त उसको हालत के हुँदो हो । तर अहिले नेपालको जनसङ्ख्या घटे जसरी अहिले त्यस्ता भाते पाहुनाको सङ्ख्या पनि घट्दै गएको छ । भाते पाहुनाको सङ्ख्या घटे पनि डाकुवा पाहुनाको सङ्ख्यामा भने बढोत्तरी भएको छ । अहिलेको बिहे, पास्नी, ब्रतबन्ध जस्ता पर्वहरूमा आयोजकहरूले आफ्नो सान औकात देखाउन भरमार खर्च गर्छन् । उनीहरूसँग भएको सम्पत्ति पनि पाहुना सम्पत्ति हो । सोझो औंलाले घिउ आउँदैन भनेझैं भूमिगत बाटोबाट आर्जन गरेको सम्पत्ति त्यस्ता पर्वहरूमा खर्चिने गर्छन् र जो डाकिएका पाहुनाहरू छन् यिनीहरूले पनि उल्फाको धन फुपूको श्राद्ध झैं प्लेटका प्लेट भुटुवा र कवाफले भुँडी भरेर फर्कन्छन् । यस्ता पाहुनालाई चौटे पाहुना भन्दा फरक नपर्ला । साना औकात हुनेहरूले त्यस्ता पर्वहरूमा सानै आकार- प्रकारको पक्वान्न तयार गर्छन् र डाकिएका पाहुना दुईचार टुक्रा हाडमासु चुसेर झोलभात खाएर फर्कन्छन् ।

पाहुनाहरू मानव समाजमा मात्र होइन पक्षी समाजमा पनि हुन्छन् । हामीले देखेका छौं, मौसम परिवर्तनलाई बुझेर चिसो भुगोलका पक्षीहरू जाडो छल्न गर्मी स्थानतिर बसाइँ सर्छन् । जबजब गर्मी बढ्दै जान्छ ती पक्षीहरू फेरि आफ्नै रैथाने इलाकातिर बसाइँ सर्छन् । केही प्रजातिका चराहरू जो हिन्द महासागरीय तटमा जीवन निर्वाह गर्छन् तिनीहरू अण्डा कोरल्न र बच्चा जन्माउन नेपालको भूमि रोज्छन् र आफ्नो उद्देश्य पूर्ण भएपछि आफ्नै वंश बोकेर उतैको उडान भर्छन् । पक्षी जगत्मा यो क्रम इतिहासदेखि अहिलेसम्म निरन्तर चलिरहेछ ।

वनस्पति जगत्मा पनि पाहुना वनस्पति हुन्छन् । हाम्रो देशमा केही गैह्र सरकारी संस्थाहरूले आफूलाई फरक देखाउन केही पाहुना वनस्पतिको बिरुवा वितरण गरे । केही वर्षमै नगद आम्दानीको उधारो आश्वासन पाएर किसानहरूले अन्नबाली उत्पादन हुने खेतका गह्राहरूमा यस्तो वनस्पतिको खेती गरे । खास गरेर पहाडका बेसीतिर रोपिएका शिसौ यसको उदाहरण हो तर केही वर्षपछि ती बिरुवा आफै सुक्दै मासिँदै गए । आखिरमा मागेको धोतीले लाज छोपिन्न भने जस्तो भयो । रैथाने हावापानीमा पाहुनाहरू टिक्न सक्दैनन् भन्ने उदाहरण यी वनस्पतिलाई हेरेर बुझ्न सकिन्छ । वनस्पति जगत्मा मात्र होइन अन्नबालीमा पनि पाहुना अन्न भित्रिएका छन् । शुरुका केही वर्ष उत्पादन राम्रो लिन सकिए पनि अन्ततः यस्ता बीउबिजन नपुङ्सक बन्न पुग्छन् । यस्ता बीउबिजनको प्रयोगले हाम्रा इतिहासदेखिको रैथाने बीउ बालीलाई विस्थापित समेत गरेका छन् । अन्त्यमा यस्ता वर्णशङ्कर बीउबिजनले 'देखासिकी गरि जा अहारिसे मरि जा' बनाएर छोड्छन् ।

हामी नेपालीहरूको कला साहित्य वा संस्कार संस्कृतिभित्र पनि पाहुना प्रचलन भित्रिएका छन् । अङ्ग्रेजहरूले भारतीय सत्तामा उपनिवेश कायम गरेजस्तै पाहुना संस्कृतिले हाम्रो संस्कार संकृतिमा पनि औपनिवेशिकता कायम गर्न थालेका छन् । यस्ता संस्कृतिलाई बेलैमा भत्काउन सकिएन भने हाम्रो पहिचान सङ्कटमा पर्ने निश्चित छ ।

पाहुनाहरू जासुस पनि हुन्छन् । इतिहासमा यसको सबुद पाइन्छ । भक्तपुरका राजा रणजित मल्लसँग मितेरी साइनो लगाएर गोरखाका राजा पृथ्वीनारायणले पूरै उपत्यकाको जासुसी गरेर षडयन्त्रपूर्वक कान्तिपुर, पाटन र भक्तपुर आफ्नो अधीनमा राखे । पाहुना बनेर भारतको कोलकातामा इष्ट इण्डिया कम्पनी खोलेका बेलायतीहरूले सिङ्गै भारत कब्जा गरे । हाम्रै देशमा बसाइँ सर्ने क्रममा पहाडबाट डोको बोकेर मधेशका समथर भूगोलमा पुगेका पहाडी समुदायहरूले मधेशी मूलका आदिवासीको संस्कार, संस्कृति र कला-साहित्यमाथि आफ्नो हैकम कायम गरेको चित्र हामिले देखेसुनेकै छौं । "वन साङ्लाले घर साङ्लो पिरेको" प्रत्यक्ष पीडामा यी आदिवासी समुदाय पिल्सिइरहेछन् ।

पाहुना सबैमा बेठिक भने हुँदैनन् । मुलुकको विकासका लागि देशविदेशबाट पाहुना आउनु पनि पर्छ, त्यसो भएमा देशको गरिमा बढ्छ, विदेशी मुद्रा आफ्नो मुलुकमा भित्रिन्छ । अहिले हरेकजसो निकायले पर्यटन वर्ष भनेर पाहुना डाकिरहेछन्, यो राम्रो पक्ष हो । यसरी आएका पाहुनाहरूलाई हाम्रो प्रकृति, संस्कृति, कला सम्पदाको पहिचान उनीहरूको मुलुकमा प्रचार गर्ने वातावरण बनाउनु हाम्रो दायित्व हो ।

अहिले भाते पाहुनाहरूको बिगबिगी छ । पार्टी संगठन निर्माण गर्न भोको पेट र नाङ्गा पैतालाले हिँडेका त्यागी, इमान्दार कार्यकर्तामाथि भातेहरूले औपनिवेशिक शासन चलाइरहेका छन् । दलभित्र पाहुना भित्रिने परम्परा राजनैतिक क्षेत्रमा अत्यधिक छ । पञ्चायती शासन कालमा प्रतिबन्धित पार्टीका केही अवसरवादी नेताहरू पाहुना बनेर पञ्चायतमा प्रवेश गर्दथे र ठूलाठूला पद पड्काउँथे । पञ्चायत गएर बहुदल आएपछि पाहुना बनेर पार्टी प्रवेश गर्नेहरूको लामो लहर नै चल्यो । अहिलेको गणतन्त्र कालमा त यस्तो लहरको मात्रा दिन दुगुना रात चौगुना बढेको छ । खबरहरू सुन्दा र पढ्दा यस्तो लाग्छ कि मुलुकको जनसङ्ख्याको दोब्बर मानिसहरू पाहुना बनेर पार्टी प्रवेश गरेका छन् । कुनै शहर वा नगरमा जनसभा भएको होस् माला गुथ्ने र सिन्दुर धस्ने होड चल्छ । अर्को दिन अर्कै पार्टीको सभा वा भेला भएको होस् उस्तै दृश्यले माथ गर्छ ।

त्यस्ता प्रवेशीहरू पद, पैसा र पावरको लोभ र लाभको आसमा आफ्नो बचेखुचेको इज्जतको तिलाञ्जली दिइरहेछन् । यसरी दल बदल्ने बदलुवाहरू भाते पाहुना जस्तै हुन् । यस्ता पात्रहरू लामो हात गर्न पनि खप्पिस हुन्छन् । यस्ता भातेहरूलाई प्रवेशको ढोका बन्द गर्न सके दलहरूको गुण कायम रहन्थ्यो तर भोटको राजनीति गर्ने संसदवादीहरूलाई यो आदत बसिसकेकाले एक कानले सुनेर अर्को कानले निष्कासन गरिदिन्छन् । भाते पाहुना भित्र्याउने दलहरू पनि भाते जस्तै छन् । कोसित मिल्दा वा कसको पाहुना बन्दा आफ्नो दुनो सोझिन्छ उनीहरूको ध्यान त्यतैतिर सोझिएको हुन्छ । भाते पाहुना भित्र्याएर दलहरूले आफूलाई गर्व नगर्नु पर्दथ्यो तर यो घीनलाग्दो संसदवादमा यो परम्परा फस्टाउँदै गएकाले यिनीहरूप्रति जनविश्वास गुम्दै गएको छ । अहिलेको आवश्यकता भनेको कर्मठ, निष्ठावान् कार्यकर्ताले चलाएको राजनैतिक दलको खोजी गर्नु भातेहरूबाट जोगिनु उत्तम उपाय हो । साभारः गण्डकी संगम

# चापाकोट आधारभुत विद्यालयमा न्यानो कपडा र स्टेशनरी सामाग्री प्रदान

पोखरापत्र संवाददाता
पोखरा, २१ कात्तिक




पोखरा २३ चापाकोटमा रहेको चापाकोट आधारभुत विद्यालयका विद्यार्थीलाई न्यानो कपडा सहित स्टेशनरी र खेलकुदका सामाग्री प्रदान गरिएको छ ।

पोखरामा सुनचाँदी व्यवसायमा संलग्न युवा उद्यमीको संस्था सुनौलो युवा उद्यमी संस्थाले तिहारमा देउँसी भैलो खेलेर संकलन गरेको रकमबाट त्यस विद्यालयका २७ जना विद्यार्थीलाई जाडोका लागि न्यानो कपडा सहित आवश्यक स्टेशनरी र खेलकुदका सामाग्री हस्तान्तरण गरिएको हो । शुक्रबार विद्यालयमा आयोजित कार्यक्रमम वडाध्यक्ष रामकाजी गुरुङ, नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकीका अध्यक्ष चन्द्रकिशोर गौतम, नेपाल सुनचाँदी व्यवसायी संघ कास्कीका अध्यक्ष भविन्द्र विश्वकर्मा र संस्थाका अध्यक्ष मनोज विश्वकर्मा "विनोद" ले हस्तान्तरण गरे ।

कार्यक्रममा बोल्दै वडाध्यक्ष गुरुङले विद्यालयमा विद्यार्थीको आर्कषण बढाउन यस्ता कार्यक्रमले ठुलो भुमिका खेल्ने बताए । महासंघ गण्डकीका अध्यक्ष गौतमले युवा उद्यमी संस्थाले गरेको कार्य प्रशंसनिय रहेको बताउँदै,सबैको सहयोगबाट नै संस्था बलियो बन्ने बताए ।

संघ कास्कीका अध्यक्ष विश्वकर्माले शिक्षाका क्षेत्रमा युवा उद्यमी संस्थाले सहयोग गरेको र त्यसमा उपस्थिती हुन पाउँदा संघ नै सम्मानित भएको बताए । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक यामकला थापा, कार्यक्रमका मुल संयोजक दुर्गा बहादुर सुनार, संयोजक कमल सुनार, युवा उद्यमी विजय सुनार लगायतले ग्रामीण क्षेत्रका विद्यालयमा गुणस्तरीय शिक्षा भएपनि विद्यार्थीको आर्कषण कम रहेको बताए । संस्थाका अध्यक्ष मनोज सुनार "विनोद"को अध्यक्षतामा भएको कार्यक्रमको संचालन युवा उद्यमी संस्थाका सचिव श्रीकृष्ण सुनारले गरेका थिए । संस्थाले करिब ७० हजार रुपैंया बराबरको सामाग्री बितरण गरेको जनाएको छ ।

# धवलागिरिमा दुर्लभ पन्छी चिरकालिज भेटिएपछि संरक्षण अभियान

पोखरापत्र संवाददाता
म्याग्दी, २१ कात्तिक



यहाँको धवलागिरि गाउँपालिका-३ दर र वडा नं ४ मुदीमा दुर्लभ पन्छी चिरकालिज भेटिएपछि संरक्षण अभियान थालिएको छ ।

नेपाल पन्छीविद् सङ्घले गरेको अध्ययनका क्रममा मुदी र दरमा चिरकालिजको बासस्थान रहेको भेटिएको हो । अध्ययनमा सहभागी विराट रजकका अनुसार मुदीमा तीन र दरमा सात जोडी चिरकालिज भेटिएका छन् ।

"एक वर्षअघि गरेको अध्ययनका क्रममा दर र मुदीमा चिरकालिज भेटिएपछि संरक्षणका लागि विद्यालय र समुदायस्तरमा चेतनामूलक कार्यक्रम सञ्चालन गरेका छौं", उहाँले भन्नुभयो, "दुर्लभ पन्छी भएकाले चिरकालिजको महत्व जानकारी गराएर सङ्ख्या वृद्धि र संरक्षणको पहल थालिएको हो ।" मुदीको वुत्तिविकास र मुनाको धवलागिरि माविका विद्यार्थीलाई चिरकालिजका बारेमा अभिमुखीकरणका साथै हाजिरी जवाफ प्रतियोगिता भएको छ । रानीखोला र दरखोला सामुदायिक वन उपभोक्ता समूहका पदाधीकारी, सदस्य र स्थानीयवासीलाई दरमा संरक्षण शिक्षासम्बन्धी प्रशिक्षण दिइएको छ । जैविक विविधता संरक्षण समाजका अध्यक्ष लक्ष्मण पौडेल, पन्छीविद् सङ्घका केशव चोखाल र रजकले चिरकालिजको परिचय, महत्व र संरक्षणको आवश्यकताका विषयमा जानकारी गराउनुभएको थियो । "चोरीसिकारी, अनियन्त्रित डढेलो र जलवायु परिर्वतको बढ्दो प्रभाव चिरकालिज संरक्षणको चुनौती हो", अध्यता चोखालले भन्नुभयो, "चोरीसिकारीका अलावा, गुँडबाट अण्डा टिप्ने, पासो थाप्ने, चल्ला छोपेर घरमा ल्याएर पाल्न खोज्ने, चिरकालिजले अण्डा पार्ने, कोरल्ने र चल्ला निकाल्ने समयमा हुने अनियन्त्रित डढेलोका कारण चिरकालिज लोप हुने अवस्थामा छ ।" सङ्घले पछिल्लो पाँच वर्षयता दातृ निकाय 'टुलेडो जु'को सहयोगमा धवलागिरि गाउँपालिकाका साथै मुस्ताङको घाँसा क्षेत्रको कालीगण्डकी बेसिनमा चिरकालिजको सङ्ख्या पहिचानका लागि अध्ययन र संरक्षणको कार्यक्रम गर्दै आएको जनाएको छ । कालीगण्डकी बेसिनमा हालै भएको अध्ययनका क्रममा १८ जोडी चिरकालिज भेटिएका थिए । दुर्लभ पन्छीको संरक्षण गरेमा जैविक विविधता, पर्यावरणका हिसाबले योगदान पुग्नुका साथै पर्यटक भित्र्याएर आयआर्जन र ग्रामीण अर्थतन्त्र सुधारमा सहयोग पुग्ने जैविक विविधता संरक्षण समाजका अध्यक्ष पौडेलले बताउनुभयो ।

समुद्री सतहदेखि एक हजार ४०० मिटरदेखि तीन हजार ६०० मिटरसम्मको उचाइमा चिरकालिज पाइने गर्छ । सामान्य कालिजजस्तै यो तल्लो तटीय क्षेत्रमा पाइँदैन । यो चरा झट्ट हेर्दा कालिजको पोथीजस्तै देखिए पनि धेरै भिन्नता हुन्छ । वैशाख, जेठ र असार चिरकालिजले अण्डा पाने, कोरल्ने र चल्ला निकाल्ने समय हो । चिरकालिजको भालेको पुच्छर लामो, आँखाको रङ पनि रातो हुने, शरीरमा सेतो थोप्लामा कालो बुट्टा हुन्छ भने आकारमा पोथी भालेभन्दा सानो र पुच्छर पनि छोटो हुन्छ । बिहान सूयोदय हुनुभन्दा अगाडि र साँझमा सूर्यास्त भएपछि दिनको दुईपटक मात्र चिरचिर गरेर कराउने भएकाले यसलाई चिरकालिज भनिएको हो ।

भिरमा नै बासस्थान बनाउने यो पन्छीले एकपटकमा सातदेखि १५ वटासम्म फुल पार्छ । अन्नपूर्ण संरक्षण क्षेत्र, ढोरपाटन सिकार आरक्ष र रारा राष्ट्रिय निकुञ्जका साथै संरक्षित क्षेत्रभन्दा बाहिर पर्वतसँगै म्याग्दी र बागलुङ तथा कर्णाली तथा सुदूरपश्चिम चिरकालिजको बासस्थान हो ।

नेपाल पन्छीविद् सङ्घले गरेको पछिल्लो अध्ययनअनुसार नेपालमा चिरकालिजको सङ्ख्या एक हजारभन्दा कम रहेको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मै यसलाई लोपोन्मुख पन्छीका रूपमा सूचीकृत गरेको छ ।

# पोखरामा बन्यो भैरव मन्दिर

पोखरापत्र संवाददाता
पोखरा, २१ कात्तिक

काठमाडौं उपत्यकाको प्राचीन नेवारी सभ्यता र संस्कृति झल्काउने भैरव मन्दिर पोखराको भैरवटोलमा रु एक करोड ७० लाख ८८ हजार ६१५ को लागतमा निर्माण भएको छ । यही कात्तिक २६ गते मन्दिरमा



कालभैरवको प्रस्तर प्रतिमा तान्त्रिक विधिबाट प्राणप्रतिष्ठा गरिने भैरव सांस्कृतिक संरक्षण समितिले जनाएको छ ।

समितिका अध्यक्ष तीर्थमान प्रधानाङ्गका अनुसार पोखरामा नेवार समुदायको आगमनसँगै काठमाडौं उपत्यकाका सांस्कृतिक परम्परा गण नृत्य (बाह्र भैरव नृत्य), भजन तथा नेवारी अनुष्ठानलाई यो समुदायले निरन्तरता दिँदै आएको छ ।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारि गरिएको निम्न लिखित व्यहोराका बीमालेखहरु सिमलचौरदेखि बगर जाँदा हराएकोले फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछौं ।**

**नामः विष्णुदेवी कँडेल**
**विमा लेख नं. : १३००२५१५१**

**नाम : सुमन कँडेल**
**विमा लेख नं. : १३००३००९५**
**ठेगानाः पोखरा–८, सिमलचौर**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा शाखा**
**फोनः ९८५६०३३२६६**



HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI ६१००१०९१७ | सृजना बास्ताकोटी | पोखरा-८, कास्की |
| २ | PLI १६१००१०९१७(S) | सृजना बास्ताकोटी | पोखरा-८, कास्की |
| ३ | PLI १६१०००२७४३ | ममता रेग्मी | पौवागौडे २, स्याङ्जा |